COLUMBUS CITY SCHOOLS BOARD OF EDUCATION
Christina Vera, President • Dr. Tina Pierce, Vice President
Jennifer Adair • Michael Cole • Sarah Ingles
Ramona R. Reyes • Brandon Simmons

डिसेम्बर १७, २०२४

आदरणीय कलम्बस सिटि स्कूल्स समुदाय,

हामीले हाम्रो विद्यालय समुदायहरूलाई अझ राम्रोसँग पङ्क्तिबद्ध र बलियो बनाउन विद्यालय बन्द गर्ने र एकीकरणको चुनौतीपूर्ण प्रक्रियालाई नेभिगेट गर्ने क्रममा तपाँईले प्रकट गर्नु भएको धैर्यता, समर्पण र अटल समर्थनकालागि म व्यक्तिगत रूपमा मेरो हृदयदेखि कृतज्ञता व्यक्त गर्न चहान्छु।

हाम्रो विद्यालयका भविष्यको सुविधाहरू बारेमा व्यापक र विचारशील छलफल पछि शिक्षा बोर्डले हाम्रो सुपरिटेन्डेन्टको सामुदायिक सुविधा कार्यदलले प्रस्तुत गरेका धैरै विद्यालय भवनहरू बन्द र एकीकरण गर्ने बारेका सिफारिसहरूलाई अनुमोदन गर्ने महत्त्वपूर्ण निर्णय गरेको छ। यसको मतलब यो हो कि 5 विद्यालयहरू बन्द हुनेछन् वा एकीकरण हुनेछन्, जसको कार्यान्वयन २०२६-२०२७ स्कूल वर्षमा सुरु हुने सेट गरिएको छ।

यस निर्णयबाट प्रभावित विद्यालयहरू निम्न छन्:

- Broadleigh Elementary School
- Buckeye Middle School
- Columbus Alternative High School
- Moler Elementary School
- West Broad Elementary (*Contingent on funded Facility Master Plan moving forward to replace current building)

यो निर्णय हल्का रूपमा गरिएको थिएन र हामी गहिरो बुझ्छौं कि भवनहरूको भन्दा भवनहरु विद्यालय हुनुको महत्व धेरै छ। विद्यालयहरू जीवन्त समुदायहरू हुन् जहाँ विद्यार्थीहरू बढ्छन्, मित्रता बनाइन्छन् र यसैमा भविष्यले आकार लिन्छ। विद्यालय भनेको सम्झनाहरू, अवसरहरू र धेरै धेरैकालागि सम्भाव्यताले भरिएका ठाउँहरू हुन्। यसलाई स्वीकार गर्दै, हामीले जिल्लाको दिगोपन र समताको सुनिश्चितता गर्दै हाम्रा विद्यार्थीहरुको शैक्षिक अनुभव सुरक्षित गर्ने प्रतिबद्धताका साथ यो निर्णयमा पुग्यौं।

विद्यालय बन्द गर्ने सम्बन्धमा बोर्डको नीतिले भर्ना प्रवृत्ति, कार्यक्रमको प्रभावकारिता, निर्माण क्षमता, सुरक्षा र पहुँच, र समरचनाको आयु र अवस्था सहित विभिन्न कारकहरूलाई ध्यानमा राख्छ। हाल, हाम्रो डिस्ट्रक्टले कम र बढी भर्ना भएका विद्यालयहरू, पुरानो पूर्वाधार, र लागत-प्रभावी मर्मतसम्भार भन्दा बढि लागतका समरचनाहरूबारे चुनौतीहरूको सामना गरिरहेको छ। यी मुद्दाहरूले जिल्लाका प्रत्येक विद्यार्थीलाई निरन्तर र बलियो शैक्षिक सहायता सेवाहरू उपलब्ध गराउने हाम्रो क्षमतालाई असर गर्छ।

हामी यस प्रक्रियामा कर्मचारी, विद्यार्थी, परिवार र समुदायका सदस्यहरूद्वारा साझेदारी गरिएको लगाव (इनपुट) र प्रतिक्रियाकालागि अविश्वसनीय रूपमा कृतज्ञ छौं। तपाँईहरुका आवाजहरु यस बोर्डलाई हाम्रो टास्क फोर्सले केहि पहिला सिफारिस गरेको पुन: मूल्याङ्कन र परिमार्जन गर्नेमा मद्दत गर्न मूल रूपमा प्रस्तावित बन्द र एकीकरणको दायरा घटाउनलाई उपयोगी थिए।

आगामी हप्ताहरूदेखि, हामी अगाडि बढ्दै गर्दा सामुदायिक प्रतिक्रियाकालागि निरन्तर अवसरहरू हुनेछन्।जनवरी देखि, यस प्रक्रियामा पारदर्शिता र निरन्तर संलग्नताको सुनिश्चित गर्दै सुपरिटेन्डेन्ट र उहाँका टोलीबाट कम्तिमा

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS

महिनाको एक पटक शिक्षा बोर्डका अद्यावधिहरू दोस्रो बैठकमा साझा गरिनेछ। यसको अतिरिक्त, डा. च्यापम्यानले विद्यार्थी, परिवार र कर्मचारीहरूलाई नयाँ स्कूल समुदायहरूमा परिवर्तनको तयारी गर्दा उनीहरूलाई सहयोग गर्न एउटा समर्पित फेरबदल (रूपान्तरण) टोलीको स्थापना गर्नेछन्।

हामी यस निर्णयको भावनात्मक भार र यसले संलग्न सबैमा पार्ने प्रभावलाई पूर्ण रूपमा बुझ्दछौं। कृपया हामी कलम्बस सिटी स्कूल्सलाई असामान्य (अपवादात्मक) बनाउने विद्यार्थीहरू, परिवारहरू र शिक्षकहरूप्रति संवेदनशीलता, करुणामय र सम्मानकासाथ यस प्रक्रियाका प्रत्येक चरणमा पुग्न प्रतिबद्ध छौं भनि बुझ्नुहोस्। हाम्रो ध्यान स्कूलको वातावरण सुरक्षित, सहयोगी र सम्पन्न सिर्जना गर्नमा अडिग रहन्छ जहाँ सबै विद्यार्थीहरूले आफ्नो पूर्ण क्षमतामा पुग्न सक्छन्।

हामी सबै सँगै अगाडि बढ्दै गर्दा, कलम्बस सिटी स्कूल्सका विद्यार्थीहरूको वर्तमान र भावी पुस्ताहरूकालागि उज्ज्वल भविष्य निर्माण गर्ने हाम्रो साझा प्रतिबद्धतामा एकताबद्ध रहौं।

कृतज्ञता सहित,

क्रिस्टिना भेरा

Christina Vera

अध्यक्ष, कलम्बस बोर्ड अफ एडुकेशन

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS